# हेजिङ्ग सम्बन्धी नियमावली, २०७५

नेपाल राजपत्रमा प्रकाशित मिति
२०७५।११।१३

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "हेजिङ्ग सम्बन्धी नियमावली, २०७५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "ऐन" भन्नाले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ सम्झनु पर्छ ।

(ख) "परियोजना" भन्नाले नियम ३ मा उल्लिखित परियोजना सम्झनु पर्छ ।

(ग) "बैङ्क" ण्भन्नाले नेपाल राष्ट्र बैङ्क सम्झनु पर्छ ।

(घ) "हेजिङ्ग" भन्नाले परियोजना कार्यान्वयनको लागि लगानीकर्ताले विदेशी ऋण लगानी गर्दा जुन विनिमय दरमा विदेशी मुद्रा बैङ्कमा जम्मा गरेको हो सोही विनिमय दरमा सम्झौता बमोजिम लगानी फिर्ता लैजान पाउने गरी विदेशी मुद्राको विनिमय दर स्थिर गर्ने कार्य सम्झनु पर्छ ।

३. **हेजिङ्ग सुविधा उपलब्ध गराउने** : नेपाल सरकारले विदेशी ऋण लगानी हुने देहायका परियोजनाको लागि हेजिङ्ग सुविधा उपलब्ध गराउन सक्नेछः-

(क) एक सय मेगावाट वा सोभन्दा बढी क्षमताका जलविद्युत उत्पादन,

(ख) २२० के.भि.ए. वा सोभन्दा बढी क्षमताका तीस किलोमिटरभन्दा लामो विद्युत प्रशारण लाइन निर्माण,

(ग) दश किलोमिटरभन्दा लामो रेल, मेट्रो तथा मोनो रेलमार्ग निर्माण,

(घ) पचास किलोमिटरभन्दा लामो द्रुतमार्ग निर्माण,

(ङ) नेपाल सरकार, मन्त्रिपरिषद्ले निर्णय गरी तोकेका अन्य परियोजना ।

४. **स्वीकृति लिनु पर्ने** : नियम ३ बमोजिम हेजिङ्ग सुविधा प्राप्त गर्न चाहने परियोजनाले प्रचलित सङ्घीय कानून बमोजिम विदेशी लगानी गर्ने र विदेशी मुद्रा ल्याउने स्वीकृति लिएको हुनु पर्नेछ ।

५. **निवेदन दिनु पर्ने** : (१) यस नियमावली बमोजिम हेजिङ्ग सुविधा प्राप्त गर्न चाहने परियोजनाले अनुसूची-१ बमोजिमको ढाँचामा बैङ्क समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदनसाथ देहायका कागजात संलग्न गर्नु पर्नेछ :-

(क परियोजना कार्यान्वयन सम्बन्धमा सम्बन्धित निकायबाट प्राप्त अनुमतिपत्रको प्रतिलिपि,

(ख) परियोजनामा हुने लगानी सम्बन्धी सम्झौताको प्रतिलिपि,

(ग) नियम ४ बमोजिम विदेशी लगानी गर्ने र विदेशी मुद्रा ल्याउने स्वीकृतिपत्रको प्रतिलिपि,

(घ) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

(ङ) नियम ३ को खण्ड (ङ) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्ले हेजिङ्ग सुविधा उपलब्ध गराउने भनी निर्णय गरेका परियोजनाको हकमा सम्बन्धित मन्त्रालयले दिएको जानकारीपत्रको प्रतिलिपि ।

६. **निवेदन जाँचबुझ गर्नु पर्ने** : (१) नियम ५ बमोजिम प्राप्त निवेदन उपर बैङ्कले आवश्यक विवरण र कागजात पूरा भए नभएको सम्बन्धमा जाँचबुझ गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा कुनै विवरण वा कागजात पूरा नभएमा वा कुनै विषयमा थप स्पष्ट पार्न आवश्यक देखेमा बैङ्कले निवेदकलाई त्यस्तो विवरण वा कागजात पेश गर्न वा सो सम्बन्धमा थप स्पष्ट गर्न लगाउन बढीमा पन्ध्र दिनको म्याद दिई लिखित सूचना दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम सूचना प्राप्त भएमा निवेदकले बैङ्कले तोकेको अवधिभित्र आवश्यक विवरण वा कागजात वा कुनै विषयमा थप स्पष्ट गर्नु पर्ने भए सो समेत उपलब्ध गराउनु पर्नेछ ।

(४) उपनियम (३) र नियम ५ को उपनियम (२) बमोजिम प्राप्त विवरण वा कागजातका आधारमा निवेदन उपर जाँचबुझ गर्दा हेजिङ्ग सुविधा प्रदान गर्न नसकिने देखिएमा बैङ्कले सो सम्बन्धी निर्णयको लिखित जानकारी सात दिनभित्र निवेदकलाई दिनु पर्नेछ ।

७. **स्वीकृति दिने** : नियम ६ बमोजिम निवेदन जाँचबुझ गर्दा मागबमोजिम हेजिङ्ग सुविधा दिन मनासिब देखिएमा बैङ्कले देहायका शर्तको अधीनमा रही निवेदकलाई हेजिङ्ग सुविधा प्रदान गर्ने स्वीकृति दिनेछ :-

(क) बैङ्कले निर्धारण गरेको परिवर्त्य विदेशी मुद्रामा ऋण लिने,

(ख) खण्ड (क) बमोजिम प्राप्त हुने विदेशी मुद्रा बैङ्कले तोकेको समयमा बैङ्क खातामा जम्मा गर्ने ।

८. **विदेशी मुद्रा जम्मा गर्नु पर्ने** : (१) नियम ७ बमोजिम स्वीकृति प्राप्त परियोजनाले विदेशी लगानी स्वरुप प्राप्त हुने विदेशी मुद्रा जम्मा गर्न बैङ्कमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि बैङ्कले निवेदकलाई विदेशी मुद्रा जम्मा गर्न बैङ्क खाता उपलब्ध गराउनेछ ।

(३) उपनियम (२) बमोजिम बैङ्कले उपलब्ध गराएको खातामा लगानीकर्ताले बैङ्कले तोकेको अवधिभित्र विदेशी मुद्रा जम्मा गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको खातामा विदेशी मुद्रा जम्मा भएपछि बैङ्कले त्यस्तो विदेशी मुद्रा जम्मा गर्दाको दिन कायम रहेको विनिमय दर अनुसार नेपाली मुद्रामा परिवर्तन गरी परियोजनाको नाममा रहेको कुनै वाणिज्य बैङ्कको खातामा त्यस्तो परिवर्त्य नेपाली मुद्रा जम्मा गरिदिनेछ ।

९. **विनिमय दर स्थिर (लक) गर्ने** : (१) नियम ८ को उपनियम (३) बमोजिम बैङ्क खातामा जम्मा हुन आएको विदेशी मुद्रालाई बैङ्कले सोही नियमको उपनियम (४) बमोजिम जुन विनिमय दरमा नेपाली मुद्रामा परिवर्तन गरेको हो सो विनिमय दरमा हेरफेर वा घटबढ नहुने गरी स्थिर (लक) गर्नेछ ।

(२) उपनियम (१) बमोजिम स्थिर (लक) गरिएको विनिमय दरमा सम्झौता अनुसार विदेशी ऋण बापतको रकम फिर्ता भुक्तानी पाउने गरी बैङ्कले लगानीकर्तालाई हेजिङ्ग सुविधा उपलब्ध गराउनेछ ।

१०. **हेजिङ्ग शुल्क** : (१) अर्थ मन्त्रालयले विदेशी विनिमय दरको जोखिम, मुद्रा स्फिति जोखिम, परियोजनाको स्वपूँजी, ऋणको अंश, ऋण भुक्तानी गर्नु पर्ने अवधि र परियोजनाको प्रकृति समेतको आधारमा परियोजनासँग सम्बन्धित मन्त्रालय, बैङ्क र लगानीकर्तासँगको आपसी सहमतिमा हेजिङ्ग शुल्क निर्धारण गर्नेछ ।

(२) उपनियम (१) बमोजिम निर्धारण भएको हेजिङ्ग शुल्क सम्बन्धित परियोजनाले बैङ्कमा बुझाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम हेजिङ्ग शुल्क प्राप्त गरेपछि बैङ्कले सम्बन्धित परियोजनालाई अनुसूची-२ बमोजिमको ढाँचामा हेजिङ्ग सोलुसन प्रमाणपत्र दिनु पर्नेछ ।

(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ हुनुभन्दा अघि सम्झौता सम्पन्न भइसकेका परियोजनाको हकमा त्यस्तो सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम कार्यान्वयन हुनेछ र सम्झौतामा उल्लेख नभएकोमा उपनियम (१) बमोजिम निर्धारित हेजिङ्ग शुल्क बैङ्कमा बुझाउनु पर्नेछ ।

११. **हेजिङ्ग अवधि** : यस नियमावली बमोजिम प्रदान गरिएको हेजिङ्गको अवधि परियोजनाको प्रकृति अनुसार बढीमा दश वर्षको हुनेछ ।

१२. **नवीकरण :** (१) नियम १० को उपनियम (३) बमोजिम प्राप्त प्रमाणपत्र नवीकरण गर्न चाहने परियोजनाले सो प्रमाणपत्रको अवधि समाप्त हुनुभन्दा तीस दिन अगावै नवीकरणको लागि बैङ्क समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा बैङ्कले विगत दश वर्षको अमेरिकी डलरसँगको नेपाली रुपैंयाँको विनिमय दरको आधारमा परियोजनाको प्रकृति अनुसार विनिमय दर कायम गरी परियोजनाको प्रकृति अनुसार बढीमा पाँच वर्षसम्म नवीकरण गर्न सक्नेछ ।

१३. **हेजिङ्ग सुविधा दिइने मुद्रा** : बैङ्कले सार्वजनिक सूचना प्रकाशन गरी तोकेको परिवर्त्य विदेशी मुद्राको लागि मात्र यस नियमावली बमोजिम हेजिङ्ग सुविधा प्रदान गरिनेछ ।

१४. **हेजिङ्ग कोषको स्थापना** : (१) नियम ८ बमोजिम बैङ्कमा जम्मा हुन आउने विदेशी मुद्रा तथा नियम १० बमोजिम प्राप्त हुने हेजिङ्ग शुल्क व्यवस्थापनको लागि बैङ्कमा एक हेजिङ्ग कोष रहनेछ ।

(२) उपनियम (१) बमोजिमको कोषमा रहने रकमको सीमा बैङ्कले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) बैङ्कले उपनियम (१) बमोजिमको कोषमा जम्मा भएको रकमको लगानी एवम् आवश्यक व्यवस्थापन गर्नेछ ।

(४) उपनियम (३) बमोजिम लगानी एवम् व्यवस्थापनबाट प्राप्त प्रतिफल जुन मुद्रामा प्राप्त भएको हो सोही मुद्रामा बैङ्कले उपनियम (१) बमोजिमको हेजिङ्ग कोषमा जम्मा गर्नु पर्नेछ ।

१५. **समन्वय एवम् परामर्श गर्नु पर्ने :** यस नियमावली बमोजिम हेजिङ्ग सुविधा उपलब्ध गराउने सम्बन्धमा बैङ्कले अर्थ मन्त्रालय, परियोजनासँग सम्बन्धित मन्त्रालय, नेपाल सरकारका सम्बन्धित निकाय र लगानीकर्तासँग आवश्यक समन्वय एवम् परामर्श गर्नु पर्नेछ ।

१६. **विदेशी विनिमयको संरक्षण :** नियम ९ बमोजिम हेजिङ्ग सुविधा उपलब्ध गराइएको विदेशी मुद्रा बैङ्कले ऐनको दफा ६ को उपदफा (२) बमोजिम तोकिएको कामको लागि राखिएको विदेशी विनिमयको रुपमा संरक्षण गर्नेछ ।

१७. **लेखा राख्नु पर्ने :** बैङ्कले हेजिङ्ग सम्बन्धी कारोबारको लेखा नेपाल लेखा मापदण्ड बमोजिम राख्नेछ ।

१८. **प्रतिवेदन पेश गर्नु पर्ने** : बैङ्कले प्रत्येक वर्ष हेजिङ्ग सुविधा सम्बन्धमा भए गरेका काम कारबाहीको प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र अर्थ मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

नेपाल कानून आयोग

अनुसूची-१

(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

श्री नेपाल राष्ट्र बैङ्क
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
बालुवाटार, काठमाडौं ।

विषय :- **हेजिङ्ग सुविधा उपलब्ध गराई पाउँ ।**

महोदय,

देहाय बमोजिमको विवरण तथा कागजात सहित हेजिङ्ग सुविधा उपलब्ध गराई दिनको लागि यो निवेदन पेश गरेको छु/छौं ।

(१) परियोजनाको विवरण :

(क) कम्पनीको नाम :

(ख) परियोजनाको नाम :

ठेगाना :

फ्याक्स नम्बर :

फोन नम्बर :

इमेल ठेगाना:

(२) सम्पर्क व्यक्तिको नाम :

पद :

फोन नम्बर:

इमेल ठेगाना:

(३) हेजिङ्ग सुविधा लिने विदेशी मुद्रा :

(४) हेजिङ्ग गर्न चाहेको अवधि :

(५) ऋण भुक्तानीको शर्त र अवधिः

(६) ऋण लगानी गर्ने मुलुक वा संस्थाः

(७) कम्पनीका मुख्य सञ्चालक र शेयर संरचना :

उपरोक्त विवरण सत्य र ठीक छन्, झुट्ठा ठहरे प्रचलित कानून बमोजिम सहूँला बुझाँउला ।

**संलग्न कागजातः**

(१) कम्पनीको प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि,

(२) परियोजना कार्यान्वयनको अनुमतिपत्र,

(३) ऋण सम्झौताको प्रतिलिपि,

(४) विदेशी लगानी स्वीकृतिपत्रको प्रतिलिपि,

(५) बैङ्कले विदेशी मुद्रा ल्याउन दिएको स्वीकृतिपत्रको प्रतिलिपि,

(६) कम्पनीदर्ता तथा कर चुक्ता प्रमाणपत्र ।

भवदीय,

मिति :

सही :

नाम :

ठेगाना :

पद :

नेपाल कानून आयोग

अनुसूची-२

(नियम १० को उपनियम (३) सँग सम्बन्धित)

## नेपाल राष्ट्र बैङ्क
## विदेशी विनिमय व्यवस्थापन विभाग
## हेजिङ्ग सोलुसन प्रमाणपत्र

प्रमाणपत्र नंः प्रमाणपत्र जारी मितिः

१. कम्पनीको नामः

२. परियोजनाको नामः

३. हेजिङ्ग सुविधा नं.:

४.स्वीकृत भएको मितिः

५. सुविधा प्राप्त गर्ने अवधिः...........देखि ...........सम्म

६. हेजिङ्ग रकम (अमेरिकी डलरमा):

७. कायम गरिएको विनिमय दरः

८. लक गरिएको नेपाली रकमः

९. ऋण भुक्तान हुने अन्तिम मितिः

१०.कायम गरिएको हेजिङ्ग शुल्क प्रतिशत प्रतिवर्ष :

प्रमाणपत्र जारी गर्नेको,-

बैङ्कको छाप

नामः-

पदः-

दस्तखतः-

नेपाल कानून आयोग

## लगानी फिर्ता गरेको विवरण

| सि.नं. | मिति | शुल्कको दर % | बुझाएको नेपाली रकम | सटही दिएको अमेरिकी डलर | कैफियत | अद्यावधिक गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| | | जम्मा रकम | | | | |

नेपाल कानून आयोग